जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- १८, २०८२ मंसिर ११ गते विहीबार, 27 Nov 2025, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

जोखिममा वन्यजन्तु कि मानव ?

○ सरिता दाहाल



मकवानपुर । मकवानपुर मनहरी ५ बसन्तपुर कि कान्छिमाया रूम्बा नजिकैको वनमा घाँस काट्न गएको बेलामा बाघको आक्रमणमा परिन् । यो घटना हो २०८१ पुस १४ गतेको ।

बाघले घटना स्थलमै उनको ज्यान लियो । ७२ वर्षीया कान्छिमायाको ज्यान गएपछि परिवारले १० लाख ५० हजार रूपैयाँ क्षतिपुर्ति पायो । स्थानीय मनहरी गाउँपालिकाले संस्कार खर्च सहयोग स्वरूप ५० हजार रूपैयाँ सहयोग गऱ्यो । पर्सा राष्ट्रिय निकुञ्जले १० हजार रूपैयाँ क्षतिपुर्ति स्वरूप परिवार लाई उपलब्ध गरायो । तर यो राहतले मात्रै उनीहरूको परिवार को क्षति पुरिएन । "हामीले आमा गुमायौ, पैसाले त्यो कसरी परिपूरण हुन्छ र ?" छोरा समिर भन्छन् ।

यस्तै आक्रमणमा परेकी थिइन मनहरी गाउँपालिका ४ कि ६५ वर्षीय राधादेवी अधिकारी पनि । २०६९ फागुनमा राधादेवीलाई घाँस काट्न गएको बेला जंगली हात्तिले आक्रमण गरेको थियो । २०६९ फागुनमा हेटौंडा १८ का ३० वर्षीय देव वाइवाको पनि हात्तिकै आक्रमणबाट ज्यान गएको थियो । उनीहरू सबैलाई राष्ट्रिय निकुञ्जले १०/१० लाख, प्रदेश सरकार र स्थानीय सरकारले क्रमश: १ लाख र ५० हजार उपलब्ध गराएको थियो । आर्थिक राहत पाए पनि परिवारको सदस्य गुमाउँदाको पीडामा मल्महल नलाग्ने बताउँछन् राधादेवीकी छोरा राम अधिकारी ।

एकसाता अघिमात्रै मकवानपुर मनहरी ४ नयाँबस्तिकी कान्छिमाया प्रजाको २ वटा बाख्रा बाघले खायो । उनलाई यसबारे क्षतिपुर्ति पाइन्छ भन्ने समेत जानकारी छैन । "बेच्ने बेला भएको थियो, अझै तुलो बनाएर बेचौला भनेर राखेको थिएँ, बाघले खायो" कान्छिमाया भन्छिन् "दशैंताका ७ हजार दिंदा नबेचेर राखेको थिएँ ।" मनहरी ४ को नयाँबस्तिमा नै बाघले हैरानी दिने गरेको उनीहरू बताउँछन् । "मान्छेहरू धेरै हुँदा भीडभाड हुँदा खास डर हुँदैन, बस्तिमा सुनसान भयो भने बाघ पस्ने डर हुन्छ, बस्तिकै आडमा वन छ" उनले भनिन् ।

मनहरी गाउँपालिका पर्सा राष्ट्रिय निकुञ्जसँग सिमाना जोडिएकोले पनि यहाँका स्थानीयहरूले वन्यजन्तुको आक्रमण बेलाबेलामा खेप्नु परेको मनहरी ५ का वडा अध्यक्ष दीपन्द्र अधिकारी बताउँछन् । पर्सा राष्ट्रिय निकुञ्जबाट आउने बाघले मात्रै हैन, हात्ति, मृग, बाँदर हरूले पनि अन्नबाली नष्ट गर्ने गरेको कारण आफूहरू आजित भएको नयाँबस्तिकी फूलमाया प्रजाले बताइन् । "मित्र्याउने बेला भएको बाली नाश गर्छ, कुरेर बस्नु पर्छ, अरू काम गर्नु की बालि कुर्नु हुन्छ" फूलमायाले भनिन् ।

यता मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका ५ सोलिथुममा पनि ३ साता अघि फरक किसानहरूको बाघले ३ वटा बाख्रा मारेको वडा अध्यक्ष दीपेश दाहालले बताए ।

"बेलाबेलामा बाघले किसानलाई दुख दिइरहन्छ, मानवीय क्षति भएको छैन तर भय/त्रासको अवस्था छ" दाहालले भने । यहाँ बाघले मात्रै हैन, मृग, हरिण, बाँदर, डेढुलो हैरान पार्ने गरेको छ किसानलाई । "अन्नबाली खाने र नाश गर्ने समस्या धेरै छ, संगै घरपालुवा जनावरको क्षति पनि हुने गरेको छ" दाहालले भने ।

यि केही प्रतिनिधि घटनाहरू मात्रै हुन्। पर्सा राष्ट्रिय निकुञ्ज आसापासमा बसोबास गर्नेहरूलाई बेलाबेलामा वन्यजन्तुको आक्रमणले सताइरहन्छ ।

जब जब वन्यजन्तुहरूले मानव बस्तिमा समस्या सिर्जना गर्छ अनि आवाज सुन्ने गरिन्छ, "जनवारलाई बचाएर मान्छेको नाश गर्न पाइदैन ।" अर्थात मान्छेको हत्या गर्ने जनावरलाई संरक्षण आवश्यक छैन । यस्ता मत बोक्ने एउटा जमात बन्छन्, जसले जनावर र मान्छेबीच द्वन्द्व सुरू हुनसक्छ ।

मानवीय क्षतिको पीडामा आउने यस्ता आकोशात्मक आवाजमा केही सत्यता हुनसक्ने भएपनि जनावरलाई माया गर्ने नहुने भन्ने धारणा पनि गलत भएको जिल्ला वन कार्यलयका अधिकृत वसन्त गौतम बताउँछन् । फराकिलो सोच राखेर हेर्दा पृथ्वी सबैको साझा घर हो ।

पर्सा निकुञ्जमा पानीको श्रोतहरू कम छन् । गर्मी र सुख्खा हुँदा पानीको खोजिमा त्यहाँका जनावरहरू बाहिर आउने गरेको हुनसक्ने निकुञ्जका संरक्षण अधिकृत रामचन्द्र खतिवडा बताउँछन् ।

एउटा उहाहरण हो बाघ । मकवानपुरको सिमाना जोडिएको पर्सा राष्ट्रिय निकुञ्जमा अहिले ४१ वटा बाघ छन् । निकुञ्जको कारण आफूहरूलाई समस्या भइरहेको गुनासो गर्ने आसापासका स्थानीयहरू बाघको सङ्ख्या बढेकोमा मने खुसी देखिदैनन् ।

"बाघ बढ्यो, हुन त खुसी हुनु पर्ने हो तर जंगलबाट बाहिर आएर हामीलाई सताउँछ दुख दिन्छ"मनहरी प्रतापपुरका सन्त लामाले भने "सरकारले बाघ बढाउनको लागि लगानी गर्छ हाम्रो सुरक्षाको लागि वास्तै गदैन ।" स्थानीयहरूले बाघको सवालमा उत्साह नदेखाउनु र बाघको भविष्य चिन्ताजनक हुनुमा मने संयोग देखिन्छ । पछिल्लो समय जलवायु परिवर्तनको कारण बाघको प्रजननमै समस्या हुने प्रक्षपण गर्न थालिएको छ । अबको समयमा पनि जलवायु परिवर्तनको असरलाइ ध्यानमा राखेर काम गरिएन भने विस्तारै बाघको अस्तित्व संकटमा पर्न सक्ने एक अध्ययनले देखाएको छ ।

नेपालमा सन् २०१० मा १२१ वटा बाघ थिए । यहीवर्ष नेपालले सन् २०२२ सम्म बाघको संख्या दोब्बर बनाउने प्रतिबद्धता विश्वमञ्चमा गऱ्यो । प्रतिवद्धताको समय पुरा हुँदा अर्थात सन् २०२२ मा बाघको सङ्ख्या ३५५ मा पुग्यो । नेपालले सन् २०१८ देखि २२ को ४ वर्षमा १२० वटा बाघको सङ्ख्या बढायो । सरकारी तथ्याङ्क अनुसार सन् २०२२ मा चितवन निकुञ्जमा १२८, बर्दियामा १२५, पर्सामा ४१, बाँकेमा २५ र शुक्लाफाँटामा ३६ वटा बाघ छन् ।

बाघले आफ्नो क्षेत्र कायम गर्छ । क्षेत्र त्यहाँको घाँसे मैदान र आहारा प्रजातिको संख्याको आधारमा निर्क्योल हुन्छ। पर्याप्त आहारा नपाएमा, अर्को बाघसँगको लडाइँमा पराजित भएमा, घाइते, रोगी, बुढो भएमा बाघले आफ्नो क्षेत्र छाड्न सक्छ। त्यसैले बाघका लागि व्यवस्थित वासस्थान महत्वपूर्ण हुन्छ । बाघको संख्या बढाउन ठूलो रकम खर्च गरियो। त्यो अनुसार तोकिएको अवधिमा संख्या झन्डै तेब्बर पुग्यो। तर संख्या बढेपछि त्यसको व्यवस्थापनमा जति काम हुनुपर्ने हो, त्यो हुन सकेको छैन । संरक्षित क्षेत्रका लागि योजना, बजेट पहिलेभन्दा बढी हुनुपर्थ्यो, तर घटाइएको छ यसले गर्दा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन, र मानवसँग बाघको द्वन्द्व बढ्दो छ ।

बाँकी पेज ५ मा

सडक विस्तारको लागि पाचौं पटक सूचना जारी

प्रशासनद्वारा टाक्स फोर्स गठन

○ सहीखबर संवाददाता

संघीय सरकार अन्तरगतको सडक डिभिजन कार्यालय हेटौंडाले मकवानपुरको हेटौंडा उपमहानगरपालिका क्षेत्रमित्र पर्ने महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमा केन्द्रदेखि २५/२५ गजमित्र बनेका स्थायी तथा अस्थायी प्रकृतिका घरढहरा, संरचना हटाउन अल्टिमेटम दिएको छ ।

मंशिर ५ गते शुक्रबार सार्वजनिक सूचना जारी गर्दै १५ दिनभित्र रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्मको सडक सीमा २५/२५ गज (७५/७५ फिट) भित्र बनेका स्थायी र अस्थायी घरढहरा तथा अन्य संरचनाहरू हटाउन भनेको हो ।

सडक डिभिजनले यसअघि पनि पटक पटक घरढहरा हटाउन भन्दै सूचना निकालेको थियो । यस अघि दुई वर्ष अघि समेत कार्यालयले सूचना जारी गरेको थियो । घरधनीहरूले सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सडक डिभिजनले सडक विस्तारको कार्य रोकेको थियो ।

सडक डिभिजन कार्यालयल यो समेत ५ पटक सडक विस्तारको सूचना निकालेको हो । तर मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा यसको विरोध हुँदै आएको छ । यसअघि असार २०७६ मा सूचना निकालेर १ नम्बर वडामा सरकारी निकायले उपभोग गरिरहेका सडक क्षेत्रको जग्गा खाली गराएयता सडक डिभिजन मैदानमा उत्रिएको छैन । त्यतिबेला राप्ती रोडमा स्थानीय र प्रहरीबीच झडप नै भएको थियो ।

सर्वोच्च अदालतको २०७८ पुस १९ गते लगायत विभिन्न मितिका उत्प्रेषण आदेशहरू समेतबाट सडक डिभिजन हेटौंडा अन्तर्गत पर्ने रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्म सडक केन्द्रबाट २५/२५ गजको क्षेत्रमा क्षतिपूर्ति दिनु नपर्ने भन्दै फैसला भएको गत शुक्रबारको सूचना उल्लेख छ । सर्वोच्च अदालतको उक्त आदेशलाई सम्झाउँदै घरढहरा, संरचना हटाउन १५ दिने अल्टिमेटम दिइएको बताइएको छ ।

'२०८०/०३/१० मा यस डिभिजनबाट सडक सीमा अतिक्रमण हटाउन प्रकाशित सूचनाविरूद्ध परेको रिट निवेदनहरू समेत सम्मानित सर्वोच्च अदालतबाट खारेज भएको हुँदा रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्म सडक सीमा २५/२५ गज (७५/७५ फिट) भित्र बनेका स्थायी अस्थायी घरढहरा तथा अन्य संरचनाहरू यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र हटाई सडक सीमा खालि गरिदिन पुन: यो सूचना प्रकाशित गरिएको छ,' सडक डिभिजन कार्यालयले भनेको छ ।

२०८० पुष १७ मंगलबार सर्वोच्च अदालतका न्यायाधीश सारङ्गा सुवेदी र न्यायाधीश सुनिलकुमार पोखरेलको संयुक्त इजलासले हेटौंडा बजार क्षेत्रको २५ गज सडक विस्तारसम्बन्धी सर्वोच्च अदालतमा परेका सबै रिट खारेज गर्ने निर्णय गरेको थियो ।

न्यायाधीशद्वय सुवेदी र पोखरेलको संयुक्त इजलासले सोही सालको असार ३१ गतेदेखि साउन २४ सम्ममा दर्ता भएका हेटौंडा बजार क्षेत्रअन्तर्गत गर्ने राजमार्गको सडक विस्तारविरूद्धका ३ सय बढी रिट निवेदन खारेज गर्ने निर्णय गरेको थियो ।यही फैसलालाई आधार मानेर हेटौंडा बजार क्षेत्रमा २५/२५ गज सडक विस्तारको लागि सडक डिभिजन कार्यालयले सूचना जारी गरेको हो ।

सडक सीमामित्र घर/ढहरा निर्माण गर्न, नाली पुरेर प्रवेशमार्ग बनाउन, सडक संरचना भत्काउन, ढल तथा पानी सडक तथा सडक किनार को नालामा मिसाउन, स्वीकृतिबिना बनेका संरचना तथा यस्तै प्रकृतिका अन्य यातायात संचालन एवम् सडक प्रयोगकर्तालाई अवरोध पुग्ने कार्य गर्न सार्वजनिक सडक ऐन २०३१ ले निषेध गरेको छ', सूचनामा भनिएको थियो।

सडक डिभिजन कार्यालयको सूचनापछि राजनीतिक दल,

बाँकी पेज ४ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

महिला अधिकार तथा हिंसा

महिला अधिकारमा महिलाहरुको निम्ति हक, हित, सुरक्षा, सुविधा तथा संरक्षणका विषय समेटिएका छन् । उक्त अधिकारहरुलाई १९ औँ शताब्दीमा महिला अधिकार आन्दोलन, २०औँ र २१औँ शताब्दीमा नारीवादी आन्दोलनहरुको मार्गनिर्देशन गरेका थिए। नेपालको पहिलो लिखित कानुन १९१० को मुलुकी ऐनालाई महिलाको विषयमा बोल्ने पहिलो कानुनको रुपमा लिइन्छ । विभिन्न समयमा विभिन्न कानून महिला मैत्री बनेका तथा बनाइएका छन् । २०५८ सालमा राष्ट्रिय महिला आयोग स्थापना भई कार्यरत छ । महिलाको सवालमा काम गर्न छुट्टै मन्त्रालय समेत स्थापना भएको छ । महिलाको लागि राज्यका हरेक तहमा समावेशिताको आधारमा प्रतिनिधित्व हुने गरी व्यवस्था गरिएको छ ।

महिलाको लागि महासन्धी अभिसन्धी तथा त्यही सन्धीमा टेकेकर बनेका संविधान र संविधान अन्तरगत बनेका कानून भएपनि नेपाली समाजमा विभिन्न कारणले महिलामाथि हुने हिंसाले अझै पनि जरा गाडेर बसेको छ ।

महिला हिंसा कुनै एक वर्ग वा समुदायको मात्र नभई सम्पूर्ण राष्ट्रको समस्या हो। यसले महिलाको शारीरिक, मानसिक स्वास्थ्यमा गम्भीर असर पार्नुका साथै उनीहरुको व्यक्तिगत स्वतन्त्रता र निर्णय क्षमतालाई समेत सीमित तुल्याउँछ। हिंसा पीडित महिला न्यायको खोजीमा थप सामाजिक लाञ्छना र पूर्वाग्रहको शिकार भइरहेका छन्।

लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान वर्षै पिच्छे मनाइदै आइएको छ । हिंसाको साच्चै अन्त्यको लागिकेवल कानूनी कारबाही मात्र पर्याप्त छैन, समाजको हरेक तहको सोचमा परिवर्तन ल्याउनु आवश्यक छ। सरकारले कानूनको ईमान्दार कार्यान्वयन गर्नुका साथै शिक्षा र चेतनाका कार्यक्रमहरुलाई गाउँगाउँसम्म पुर्‍याउनु पर्छ। प्रत्येक नागरिक सचेत भएर हिंसाविरूद्ध आवाज उठाउन र पीडितलाई सहयोग गर्न तयार हुनुपर्छ। अनि मात्रै हिंसाको अन्त्य हुनेछ ।

महिलाका अधिकार, मानव अधिकार



कुमारी वाईवा

मानिसले मानिस भएकै हैसियतले प्राप्त गर्ने अधिकार मानवअधिकार हो । मानिस हुनुको हैसियतलाई सम्मानपूर्वक कायम गर्न मानवअधिकार को आवश्यकता पर्दछ । सबै मानवअधिकारमा महिलाका अधिकार पनि समेटिएका हुन्छन् ।

महिलाका विशेष अवस्थाहरूलाई ध्यान दिदैं संयुक्त राष्ट्र संघको महासभाले महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १८ डिसेम्बर १९७९ मा पारित गरी ३ सेप्टेम्बर १९८१ देखि लागू गरेको हो । नेपालले २२ अप्रिल १९९१ मा अनुमोदन गरेको महासन्धिले महिलाविरूद्धको भेदभावको परिभाषा गरेको छ ।

परापूर्वकाल देखि नै नेपालमा महिलालाई दोस्रो दर्जाको नागरीकको रूपमा हेर्ने गरिएको पाइन्छ । महिला आर्थिकरूपमा पुरूषमा निर्भर हुनु पर्ने, घरायसी र बच्चा जन्माउने कार्यमा महिलाको महत्वपूर्ण भूमिका रहेपनि महिलाको कामलाई देशको ग्राहस्थ उत्पादनमा गणना नहुने, सम्पत्तिको अधिकारमा असमानता , पितृसत्तात्मक समाज , छोराले स्वर्ग तार्छ भन्ने मान्यता रही आएको छ ।

सामाजिक कुप्रथाहरू झुमा, देउकी , छाउपडी ,कुमारी जस्ता प्रथाहरू प्रचलनमा रहेका छन् । दाइजो तथा तिलक, बालविवाह, मन्जुरी विना विवाह , बोक्सीको रूपमा महिलालाई आरोप लगाई जिउँदै जलाउँने ,दाइजो नल्याएको कारण कुटपीटदेखि मार्ने सम्म कार्यले समाजमा महिलाहरू चरम विभेदको शिकार भैरहेका छन् । महिला र पुरूष बिच रहेको असमान शक्ति सम्बन्धका कारणले महिला माथि हिंसा हुने गर्दछ । यो लैंगिक विभेदको कारण र प्रतिफल हो ।

पितृसत्तात्मक मूल्य र मान्यतामा आधारित, असन्तुलित सामाजिक संरचना, पुरूष प्रधानता र महिलाको सहायक भूमिका महिलामाथि हुने हिंसाका मूल कारण हुन् । संयुक्त राष्टसंघको महासभाको परिभाषामा "लिङ्गको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई शारीरिक, मानसिक, सामाजिक हिंसा र यौनिक रूपमा आघात पुग्दछ र डर, धाक, धम्की, ओहोदा र हैसियतको प्रयोग गरी यस किसिमको आघात पुर्याउने काम गरिन्छ वा बलपूर्वक महिलाको स्वतन्त्रता हनन् गर्दै व्यक्तिगत र सामाजिक जिवनमा प्रभावित गर्दछ भने त्यस्ता सबै कार्यलाई महिला विरूद्धको हिंसा " भनिएको छ ।

हाम्रो देशमा महिलालाई आश्रितको रूपमा हेर्ने दृष्टिकोण विद्यमान छ । हिंसा विरूद्ध सैद्धान्तिक प्रतिवद्धता देखिन्छ । तर, आज पनि नेपाली महिला मानसिक वा शारीरिक हिंसाबाट पीडित हुनु परेको छ । महिला हिंसाको मूल कारण पितृसतात्मक सामाजिक संरचना तथा महिलाहरूलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारबाट बन्चित गराउनु हो ।

लिंगका आधारमा गरिने महिला माथिको हिंसा भेदभावको एक रूप हो । यसले महिलाको मानवअधिकारको उलंघन गर्दछ । महिलाको अधिकार उपयोग गर्ने क्षमता तथा स्वतन्त्रतामा आघात पुर्याउछ । "बोक्सी "का नाममा महिला माथि गरिने अमानवीय व्यवहार, दाइजो, घरेलु हिंसा, बलात्कार, महिला बेचविखन, यौन शोषण, परम्परा र धर्मका नाममा गरिने हिंसाहरू महिला विरूद्धका हिंसाका स्वरूप हुन् ।

विशेषत: गर्भ अवस्थामा लिङ्ग छनौट गरि छोरी भए गर्भपतन, गर्भवस्थामा कुटपिट, शारीरिक दुर्व्यवहार, बाल बिबाह, यौन दुर्व्यवहार, जबरजस्ती यौन सम्बन्ध, हाडनाता करणी, कार्यस्थलमा यौन दुर्व्यबहार, वैवाहिक बलात्कार, दाइजो र सम्पतीको कारण हिंसा/हत्या, एकल महिला र वृद्ध महिलालाई हेला, भेदभाव जस्ता हिंसाहरू हुने गरेको छ भने पुरूष मित्रहरूबाट मनोवैज्ञानिक दुर्व्यवहार, डर त्रास आदि हिंसाहरू दोहोरिएका देखिएका छन ।

मंसिर ९ गते देखि मंसिर २४ सम्म लैंगिंक हिंसा विरूद्धको १६ दिने अभियान मनाइरहँदा मकवानपुरको चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ३ महिना मा (श्रावण देखि असोज सम्म) मकवानपुरमा ६१ जना महिला र २ जना पुरूष लैंगिक हिंसाबाट पीडित भएका छन् । हेटौंडा अस्पताल स्थित लैंगिंक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी) मकवानपुरको तथ्यांक अनुसार ती मध्ये ५९ जना महिला र २ जना जना पुरूष रहेका छन् । केन्द्रका अनुसार ६१ घटना मध्ये जबरजस्ती करणीका २२, यौनजन्य हिंसाका ६, शारीरिक हिंसाका १२, जबर जस्ती विवाह (बेचबिखनका) ८, घरेलु हिंसाका २, मानसिक हिंसाका १ र अन्य १० वटा घटना रहेका छन् । पीडित मध्ये २६ जना गाउँपालिका क्षेत्रका ३१ जना नगरपालिका क्षेत्रका र ३ जना अन्य स्थानका रहेका छन् ।

ओसिएमसीका अनुसार सो अवधीमा २ जना पुरूष पनि हिंसाबाट पीडित भएको तथ्याङ्क छ । ति मध्ये १ पुरूष अर्को पुरूषबाट बलात्कृत भएका हुन भने अर्को घटनामा एक पुरूषलाइ बांधेर कुटपिट गरिएको देखिन्छ । सबै भन्दा बढी जनजाति समुदायका पीडितहरू आउने गरेका तथ्याङ्क छ । यौनजन्य हिंसामा पर्ने अधिकांश १० वर्ष भित्रका बालबालिका हुन् भने जबरजस्ती करणीका धेरै जसो १५ देखि १८ वर्ष उमेर समुहका किशोरीहरू रहेका छन् ।

सोही अवधीमा २ जना पुरूष पनि हिंसाबाट पीडित भएको तथ्याङ्क छ । ति मध्ये १ पुरूष अर्को पुरूषबाट बलात्कृत भएका तथा अर्को घटनामा एक पुरूषलाई बांधेर कुटपिट गरिएको देखिन्छ । सबै भन्दा बढी जनजाति समुदायका पीडितहरू आउने गरेका तथ्याङ्क छ । यौनजन्य हिंसामा पर्ने अधिकांश १० वर्ष भित्रका बालबालिका हुन् भने जबरजस्ती करणीका धेरै जसो १५ देखि १८ वर्ष उमेर समुहका किशोरीहरू रहेका छन् ।

उपमहानगरपालिका क्षेत्रमा बढी जनसंख्या भएकाले बढी घटना दर्ता हुने गरेको ओसीएमसीले जनाएको छ । २४ घण्टा संचालनमा रहने व्यवस्था गरिएको ओसिएमसीले पीडितहरूलाई नि:शुल्क उपचार परामर्श सेवा र आवश्यक परे अन्य अस्पतालमा रिफर गर्दा यातायात खर्च समेत व्यहोर्ने गरेको छ ।

लैंगिंक हिंसा विरूद्धको १६ दिने अभियान (२५ नोभेम्बर देखि १० डिसेम्बर २०२५) २०८२ को अर्न्तराष्ट्रिय नारा Unite To End Digital Violence Against All Women And Girls रहेको छ । "प्रविधीको सही प्रयोग गरौ : लैंगिक हिंसा अन्त्य गरौ" भन्ने राष्ट्रिय नारा साथ यस वर्ष पनि मनाउँदै गर्दा बागमती प्रदेश भरिनै हिंसाका प्रकृति र तथ्यांक विश्लेषण गर्दै सोही अनुरूपको सचेतना फैलाउने र हिंसा न्युनीकरण गर्ने योजना निर्माण गर्नु अपरिहार्य रहेको छ । मकवानपुर जिल्लाको सन्दर्भमा जिल्ला प्रहरी कार्यालय तथा अन्य सेवाप्रदायक निकायहरूको हिंसा सम्बन्धी तथ्यांक संकलन गरी समाजमा व्याप्त हिंसा न्युनीकरणका लागि अभियान संचालन गर्नु पर्ने देखिन्छ ।

सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसा विरूद्धको दिवस मनाउँदै आएको भए पनि सन् १९९९ मा संयुक्त राष्ट्रसंघले अनुमोदन गरेपछि महिलामाथि हुने हिंसा विरूद्धको विभिन्न अभियान सुरू भएको हो । नेपालमा यो दिवस सन् १९९७ देखि विभिन्न कार्यक्रमको आयोजना गरी अभियान थालिएको थियो । नेपाल सरकार मन्त्रिपरिषद्को २०७५ कात्तिक २९ गते निर्णयबाट हरेक वर्ष नोभेम्बर २५ तारिखबाट महिला हिंसा विरूद्धको १६ दिने अभियानलाई दिवसका रुपमा मनाउने घोषणा गरेको हो । 'महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव तथा हिंसाजस्ता जघन्य अपराधलाई राज्यले कानुनद्वारा दण्डनीय बनाएको छ । नेपाल सर कारले लैङ्गिक हिंसाको सम्बोधनका लागि नीतिगत, कानुनी व्यवस्थाका साथै विभिन्न अभियानमूलक र सचेतनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

लैङ्गिक हिंसा विरूद्ध पुरूषको सहकार्यलाई अभिवृद्धि गर्नु, लैङ्गिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने अधिकारकर्मीबिच ऐक्यबद्धता गर्नु, लैङ्गिक हिंसाका विविध आयाममा रणनीतिक छलफल गर्नु १६ दिने अभियानका मुख्य उद्देश्य रहेको छ । यस अभियानअन्तर्गत विश्वव्यापी रुपमै महिला हिंसासँग सम्बन्धित चरणबद्ध अन्तरक्रिया, सडक नाटक, पोष्टर तथा पम्प्लेट प्रतियोगिता, सार्वजनिक सुनुवाइ, सूचना/शिक्षा सामग्रीको प्रदर्शन, सञ्चार अभियान, गोलमेच छलफललगायत कार्यक्रम गरी मनाउने गरिएको छ ।

यस प्रकारको वर्तमान परिस्थितीमा महिला तथा बालिकाहरूको विशेष अवस्थाहरूलाई ध्यान दिदैं संयुक्त राष्ट्र संघको महासभाले महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिहरूले यस्ता व्यवहारिक पक्षलाई पनि समेटिएको हुनुपर्छ र मानवअधिकारको संरक्षण र संवर्धणका लागि मानवअधिकारका विश्वरूव्यापी घोषणापत्र पनि सम्पूर्ण नागरिकहरूलाई पहुंचयोग्य बनाइनु पर्दछ ।

नेपालको संविधान र मानवअधिकारले प्रत्याभुत गरिएका हक अधिकार महिला, पुरूष, यौनिक तथा अल्पसंख्यक वर्ग, बालबालिकाहरू, अपांगता भएका व्यक्तिहरू साथै सम्पुर्ण मानवजातिले अधिभाज्य तरिकाबाट उपभोग गर्न पाइएमा मात्र माथि उल्लेखित हिंसा र ज्यादतीका घटनाहरू न्यूनिकरण गर्न सकिन्छ । यसका लागि राज्य जिम्मेवार भई मानवअधिकार संरक्षणका लागि प्रयास हुँदै मानवअधिकार सुनिश्चितता र हिंसा न्युनीकरण गर्न सकिने छ ।

कार्यक्रम संयोजक, हिमराइज्स मकवानपुर

९ बुँदे सहमति कार्यान्वयन गर्न महासंघको आग्रह



सहीखबर संवाददाता

मकवानपुर । नेपाल शिक्षक महासंघले विगतमा भएको ९ बुँदे सहमति कार्यान्वयन गर्न शिक्षामन्त्रीसँग माग गरेको छ।

मंगलबार शिक्षामन्त्री महावीर पुनलाई भेटेर केपी ओली नेतृत्वको सरकारसँग विगतमा भएका सहमती कार्यान्वयसहितका विभिन्न माग गरिएको महासंघका अध्यक्ष लक्ष्मी किशोर सुवेदीले जानकारी दिए।

'हामीले शिक्षक सरूवा निर्देशिकाको खारेजी, गएको वैशाख १७ गते मन्त्रिपरिषद् बैठकले गरेका नौबुँदे निर्णयको कार्यान्वयन, स्थानीय भत्ताको उपलब्धता, शिक्षकहरुको रोकिएको तलब तुरून्तै निकासा गर्नुपर्ने लगायका माग गरेका छौं,' अध्यक्ष सुवेदीले भने, 'हाम्रा मागमा शिक्षामन्त्री चासो देखाउनु भएको छ ।' सुवेदीले देशका केही पालिकाहरुले परिषद् गर्न नसक्दा शिक्षकहरुको तलब भत्ता रोकिएको विषयमा पनि मन्त्रीको ध्यानाकर्षण गराएको जानकारी दिए।

'दलहरुबीचको द्वन्द्वको कारण देशका केही पालिकाहरुले परिषद् गर्न सकेका छैनन्। परिषद्ले बजेट पास नगर्दा शिक्षकहरुको पनि तलब निकासा रोकिएको छ,' सुवेदीले भने, 'आर्थिक नियमावली परिवर्तन गरेर भएपनि शिक्षकको तलब निकासा गर्नु पर्‍यो भन्ने माग हामीले शिक्षामन्त्रीसँग गरेका छौं। हामीले तलब भत्ता निकासाको लागि पालिका परिषद् जरूरी नहुने गरि नियम बनाउन आग्रह गर्दा शिक्षामन्त्री पुनले मयस विषयमा सोधखोज गर्छु, बुझ्छु भन्नुभएको छ।'

गत चैत/वैशाखमा देशभरका शिक्षकले काठमाडौंमा लामो सयमसम्म आन्दोलन गरेपछि तत्कालीन शिक्षामन्त्री रघुजी पन्तसँग ९ बुँदे सहमति भएको थियो। जसमा असार महिनामित्रै शिक्षा ऐन जारी गर्ने लगायतका बुँदाहरु समावेश थिए। १० बैशाखको मन्त्रिपरिषद बैठकले नौ बुँदे मागलाई अनुमोदन गरेको थियो ।

९ बुँदाहरू के के थिए?

१) शिक्षकहरुको स्वास्थ्य उपचारका सम्बन्धमा काठमाडौंमा अवस्थित निजामती अस्पतालमा सम्पूर्ण शिक्षक तथा विद्यालय कर्मचारीलाई सहुलियत उपलब्ध गराउने व्यवस्था गर्ने।

२) अस्थायी प्रकृतिका शिक्षक राहत, अस्थायी, साबिक उमावि, सिकाई अनुदान, प्राविधिक धार, विशेष शिक्षा र बाल विकास सहजकर्ताको बिरामी बिदा सञ्चित हुने र सो बापतको रकम अवकाश भएका बखतमा एकमुष्ट प्राप्त गर्ने।

३) प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकका सम्बन्धमा नेपाल सरकारबाट तोके बमोजिम व्यवस्था गर्ने।

४) आगामी आर्थिक वर्ष २०८२/८३ बाट स्थायी शिक्षकमध्ये प्राथमिक तृतीय, प्राथमिक द्वितीय, निम्न माध्यमिक तृतीय र माध्यमिक प्रथम श्रेणीका शिक्षकहरुको लागि निजामती सरह ग्रेड संख्या र रकम कायम गर्ने।

५) स्थायी तथा अस्थायी प्रकृतिका कोटा (राहत, अस्थायी, करार साविक उमावि, प्राविधिक धार र विशेष शिक्षा) का सबै शिक्षकले प्रचलित कानुन बमोजिम दुर्गम भत्ता पाउने व्यवस्था गर्ने।

६) सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक तथा कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न नियमावलीमा व्यवस्था गर्ने।

७) नेपाल सरकारको मर्यादाक्रम सूचीमा शिक्षकहरुलाई समावेश गर्ने।

८) नेपाल शिक्षक महासंघको आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण शिक्षक, सुरक्षाकर्मी, कर्मचारी तथा पत्रकार हरुको सरकारी अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था गर्ने।

९) निम्न माध्यमिक तह प्रथम श्रेणीका शिक्षकको तलब तथा ग्रेड माध्यमिक द्वितीय श्रेणीका शिक्षक सरह हुनेगरी कायम गर्ने।

'मेरो बुलन्द आवाज जुनियर-सिजन १' हुँदै



सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरमा 'मेरो बुलन्द आवाज जुनियर सिजन १' हुने भएको छ । मनको कुरा मञ्चसम्म भन्ने मूल नारा सहित मेरो बुलन्द आवाज जुनियर सिजन १ पब्लिक स्पिकिङ कार्यक्रम हुन लागेको हो आयोकले विज्ञप्ति जारी गर्दै जानकारी दिएको हो ।

पब्लिक स्पिकिङ ट्रेनिङ सेन्टर हेटौंडा र ड्रिम्स म्युजिक स्कुल हेटौंडाको साझा प्रयासमा सिजन १ हुन लागेको पब्लिक स्पिकिङ ट्रेनिङ सेन्टर हेटौंडाका प्रमुख रूपक कालिराजले जानकारी दिए । जुनियर सिजन १ का विजेतामा प्रथम हुनेले नगद ५० हजार, शिल्ड प्रमाणपत्र, दोश्रो हुनेले नगद ३० हजार र तेश्रो हुनेले नगद २० हजारसहित शिल्ड, प्रमाणपत्र प्राप्त गर्नेछन् ।

मकवानपुर जिल्लामा पहिलो पटक पब्लिक स्पिकिङ रियालिटी शो आयोजना गर्न लागेको जानकारी गराउन पाउँदा हर्षित भएका छौं कालिराजले भने 'जिल्लाभरीका विद्यार्थीहरुलाई आत्मविश्वास, अभिव्यक्ति क्षमता, वक्तृत्वकला र नेतृत्वगुण विकासमा सहयोग पुर्‍याउने उद्देश्यले कार्यक्रम गर्न लागेका हौं ।' कार्यक्रम कक्षा ६ देखि १० सम्ममा विद्यार्थीहरूलाई लक्षित गरिएकोले विद्यालयहरूमै पुगेर छनौट गरिने बताईएको छ । मकवानपुर जिल्लाभरिका विद्यालयका उत्साही तथा इच्छुक विद्यार्थीहरूलाई यस कार्यक्रममा सहभागी हुन उनले अनुरोध समेत गरे ।

कार्यक्रमले विद्यार्थीहरुलाई आफ्नो विचार खुलस्त अर्थात निर्धक्क व्यक्त गर्न, सामाजिक तथा शैक्षिक विषयमा बोल्न सिक्न तथा सार्वजनिक सहभागितामा अग्रसर हुन महत्वपूर्ण भूमिका निभाउने कार्यक्रमका निर्देशक अनन्त खुलालले बताए । 'अहिले मेघा अडिसनका लागि स्टुडियोको निर्माण अन्तिम चरणमा पुगिसकेको र प्रिअडिसन २०८२ मंसिर १५ गतेदेखि शुरू उनले जानकारी दिए । ' प्रवेश शुल्क निशुल्क र हेको अडिसनमा करिब ५ सय जनाको सहभागिता हुने अपेक्षा आयोजकको छ ।

आयोजकका अनुसार अडिसनमा विभिन्न क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तित्वहरू निर्णायकका रूपमा रहनु भएको छ । निर्णायकको रूपमा लामो समय खोजपत्रकारितामा सकृय देवराज पन्त, आधुनिक राष्ट्रिय मासिका सहायक प्रध्यानाध्यापक मालती पोखरेल तथा तुलसी मेयर मोमोरियल मासिका सहायक प्रिन्सीपल कमल नेपाल रहेका छन् ।

पन्त आमसञ्चार तथा पत्रकारिता विषयमा मास्टर्स गरि रेडियो स्टेशन मेनेजर कार्यक्रम संयोजक लगायतमा आवद्ध रहेका छन् । २०५८ साल देखि शिक्षण पेसामा आवद्ध पोखरेलले अङ्ग्रेजी विषयमा मास्टर्स डिग्री गर्नु भएको छ भने अंग्रेजी भाषाका प्रशिक्षक समेत हुन् ।

१६ बर्षदेखि शिक्षक पेसामा आवद्ध रहेका नेपाल नेपाली भाषा शिक्षक समितिको कोषाध्यक्ष हुन् । उनी पूर्व रेडियोकर्मी समेत हु । अडिसन अवधिभर अतिथि निर्णायकहरू समेत रहने आयोजकले जनाएको छ ।

जुनियर सिजन १ कार्यक्रम सम्पन्न गर्न करीब १० लाख रूपैया खर्च हुने अनुमान गरिएको छ ।

बकैया ५ र ६ यातायातबाट जोडिदै, पक्की पुलको शिलान्यास

सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले पूर्वी मकवानपुरको बकैयाको ५ र ६ नम्बर जोड्ने पक्की पुलको शिलान्यास गरेका छन् ।

बुधवार मुख्यमन्त्री बानियाँले कर्मचुली,जुडना,सुकौरा खोलामा निर्माण हुने मल्टिसेल बक्स पुलको शिलान्यास गरेका हुन् । बागमती प्रदेश सरकारको लगानीमा निर्माण हुने उक्त पुल १२० मिटर लामो हुनेछ भने आयोजनाका लागि ८ करोड २४ लाख ६८ हजार ९८५ रूपैयाँ लागत अनुमान गरिएको छ ।

बिन्ध्याचल निर्माण सेवा कम्पनीले ६ करोड ८९ लाख ४९ हजार ७५४ रूपैयाँमा गत असार ८ गते सम्झौता भएको र आयोजनाको काम २०८४ असार ७ गतेसम्ममा सम्पन्न गरिसक्नुपर्ने समय सीमा तोकिएको छ ।



पुल निर्माण भएपछि बकैयाका करिब ८०० घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित हुने बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले जानकारी दिए । पुल नहुँदा वर्षायाममा खोलामा बाढी आउँदा बकैया ६ का विद्यार्थीहरुलाई विद्यालय जान र स्थानीयलाई आवतजावत गर्न समस्या हुँदै आएको उनले बताए ।

सो पुल बनेपछि विद्यार्थी, किसान र सर्वसाधारणलाई सहज हुनुका साथै गौतम बुद्ध अन्तर्राष्ट्रिय पर्यटन पार्कमा जाने पर्यटकका लागि समेत बाटो सहज हुने उनले अपेक्षा व्यक्त गरे ।

शिलान्यास समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले निर्माण कम्पनीलाई तोकिएकै समयमा गुणस्तरीय काम सम्पन्न गर्न निर्देशन दिए । उनले संघीयताका कारण गरिब र विपन्न वर्गको पहुँचमा विकास पुगेको र गाँउगाँउमा विकासले गति लिएको बताए । मुख्यमन्त्री बानियाँले युवाहरुको मागलाई सम्बोधन गर्दै प्रदेशमा भ्रष्टाचार मुक्त र सुशासनयुक्त समाज निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे ।

एमाले मकवानपुरबाट १६ जना प्रतिनिधि चयनका लागि ८० जनाको उम्मेदवारी

○ सहीखबर संवाददाता

मकवानपुर । नेकपा (एमाले) को ११ औं महाधिवेशन मंसिर २७, २८ र २९ गते काठमाडौंमा हुने तयारी संगै मकवानपुर एमालेले प्रतिनिधि चयन प्रक्रिया अगाडि बढाइएको छ ।

नेकपा एमाले मकवानपुरबाट पार्टीको ११ औं केन्द्रिय महाधिवेशनको लागि प्रतिनिधि चयन गर्न उम्मेदवारी दर्ता गरिएको छ । मकवानपुरको क्षेत्र नम्बर १ र २ बाट १६ जना प्रतिनिधि चयनका लागि बुधबार ८० जनाले निर्वाचन प्रक्रियामा भाग लिन उम्मेदवारी दर्ता गरेका हुन् ।

जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ बाट खुला तर्फ ३० जनाले उम्मेदवारी दिएको निर्वाचन कमिटी संयोजक सूर्य चन्द्र न्यौपानेले जानकारी दिए । यस्तै महिला तर्फ ८ जना र युवा तर्फ १० जनाले उम्मेदवारी दिएको उनले बताए । न्यौपानेका अनुसार निर्वाचन क्षेत्र नम्बर २ बाट खुला तर्फ १६ जना, महिला तर्फ १० र युवा तर्फ ६ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

क्षेत्र नम्बर १ बाट ८ जना र क्षेत्र नम्बर २ बाट ८ जना निर्वाचित हुने छन् । दलित क्षेत्र अन्तरगत १ जना प्रतिनिधिको लागि जिल्ला भरिबाट निर्वाचित हुने छन् । क्षेत्र नं १ बाट खुला ४ जना, महिला ३ जना र युवा १ जना गरी ८ जना तथा क्षेत्र नं २ बाट खुला ४ जना, महिला ३ जना र युवा १ जना गरी ८ जना निर्वाचित हुने एमाले मकवानपुरले जनाएको छ ।



महाधिवेशनको लागि जिल्लाबाट १७ जना प्रतिनिधि चयन हुने छन् । उक्त प्रतिनिधि चयनको लागि आगामी १३ गते निर्वाचन हुने बताइएको छ । प्रतिनिधि छनौटका लागि क्षेत्र नं १ बाट ४ हजार १०९ जना, क्षेत्र नं २ बाट ४ हजार २६४ जना र दलित क्षेत्रबाट २६२ जना मतदाता रहेको एमाले मकवानपुरले जनाएको छ ।

यसै बीच एमाले महाधिवेशन प्रतिनिधिका लागि स्थानीय तहका निर्वाचित जन प्रतिनिधि, प्रदेशमा प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य पूर्व सांसदहरूले समेत उम्मेदवारी दर्ता गराएका छन् । हेटौडा उपमहा नगरपालिका ४ का वडाध्यक्ष नवीन सिग्देल, १८ का वडाध्यक्ष अनिकुमार बानियाँ, १० का वडाध्यक्ष फुर्वादोर्जे लामा, १५ का वडाध्यक्ष सुनिल मुक्तान, ११ का वडाध्यक्ष जुना दाहाल लगायत छन् ।

दाहालले मकवानपुर क्षेत्र नं. २ बाट महिला तर्फ महाधिवेशन प्रतिनिधिका लागि उम्मेदवारी दर्ता गराएका छिन् भने अन्यले क्षेत्र नं. १ बाट खुला तर्फ महाधिवेशन प्रतिनिधिका लागि उम्मेदवारी दर्ता गराएका हुन् । प्रदेश सभा सदस्य एकालाल श्रेष्ठ तथा भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले क्षेत्र नम्बर २ बाट उम्मेदवारी दर्ता गराए । स्थानीय तहका पूर्व जनप्रतिनिधिहरूले समेत उम्मेदवारी दर्ता गराएका छन् ।

वडाध्यक्ष सिग्देलले सामाजिक सञ्जालमार्फत पार्टी सदस्यहरुलाई प्रतिनिधि छनोटसहित सबै प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरेका छन् । उनले पार्टी एकता, नीति तथा नेतृत्व निर्माणमा महाधिवेशनको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै सबैको सहयोग र साथको अपेक्षा व्यक्त गरेका छन्। 'लोकतान्त्रिक विधिको सर्वोकृष्ट पद्धति सर्वसम्मतिबाट छनौट गर्न सबैको पहल आवश्यक रहेको छ' उनले भने 'सर्वसम्मत विधिबाट प्रतिनिध चयन हुन नसक्दा मित्रवत् प्रतिस्पर्धामा सहभागी भई छनौट गरिने छ।' 'हामी स्वस्थ र पार्टीको सदस्यहरूको भावनाका साथ अगाडि बढौं । पार्टीको आन्तरिक जीवनलाई अझ सुदृढ र बलियो बनाऔं ' उनले भने ।

कार्यपालिका बैठक बहिष्कार, सहमती भए बिहीबार बिहान पुन: बस्ने

○ सहीखबर संवाददाता

मकवानपुर । हेटौंडा उपमहानगरको कार्यपालिकाको बैठक सदस्यहरूले नै बहिष्कार गरे पछि स्थगित भएको छ ।

बुधबारको लागि निर्धारित कार्यपालिका बैठकमा नेपाली कांग्रेस र एकीकृत समाजवादीको तर्फबाट निर्वाचित जनप्रतिनिधि उपस्थित नभएकोले स्थगित भएको हो । नेपाली कांग्रेसबाट निर्वाचित उपमेयर राजेश बानियाँ, नौ जना वडा अध्यक्ष र समाजवादीबाट निर्वाचित एकजना वडाध्यक्ष बुधबारको बैठकमा सहभागी नभएपछि बैठक सुरू नै नभई स्थगित भएको ।

अघिल्लो कार्यपालिका बैठकमा मेयर मीनाकुमारी लामाले कांग्रेस निकट वडाध्यक्षहरूलाई आफ्नो धारणा राख्ने समय नदिएपछि बैठकमा सहभागी नभएको उनीहरूले बताएका छन् । एमालेबाट निर्वाचित केही वडाध्यक्षहरू बैठकका लागि हेटौंडा उपमहानगरपालिकामा उपस्थित भए तर बैठक नबसेपछि फर्किए । हेटौंडा उपमहानगरको कार्यपालिका २९ सदस्यीय रहेको छ । बैठक आज (बिहीबार) बिहान ९ बजे बस्ने गरी पत्राचार भएको हेटौंडा उपमहानगरपालिकाले जनाएको छ ।

हेटौडा उपमहानगरका प्रवक्ता समेत रहेका काँग्रेसको तर्फबाट निर्वाचित वडा नम्बर १ का वडाध्यक्ष सविन न्यौपानेले भने 'अघिल्लो बैठकको एजेन्डामाथि छलफलको क्रममा मेयर लामाले वडाध्यक्षहरूलाई बोल्ने समय नदिएपछि विवाद सिर्जना भएको हो । 'अघिल्लो बैठकमा एजेन्डामाथि छलफल गर्दा हामीले आफ्नो धारणा राख्न फ्लोर मागेका थियौं तर, पाएनौं । त्यही कारण बुधबारको बैठकमा हामी सहभागी भएनौं' उनले भने ।



नगर प्रमुख लामाले समस्या समाधान गर्न आज बिहान ८ बजे कांग्रेसबाट निर्वाचित नगर उपप्रमुख तथा वडाध्यक्ष छलफल गर्ने नगर प्रमुखको सचिवालयले जनाएको छ । 'बिहान ८ बजे छलफलको लागि समय तोकिएको छ । सहमति भएपश्चात् कार्यपालिकाको बैठक संचालनको तयारीमा छौं', सचिवालय स्रोतले भन्यो ।

यता हेटौंडा ४ का वडाध्यक्ष नवीन सिग्देल चित्त नबुझेको कुराहरूलाई बैठकमा राख्नुपर्ने र बैठकमाने नआएर समस्याको समाधान नहुने बताउँछन् । कांग्रेसका उपमेयर सहित वडा अध्यक्षहरूलाई बिहीबारको बैठकमा सहभागि हुन समेत उनले आग्रह गरेका छन् । समस्या साझा हुन्छन्, दलगत हुँदैन, नगरबासीका समस्या नै हाम्रो प्राथमिक विषय हो । बैठकमा सहभागी बनौं, समाधान खोजौ, जिम्मेवार बनौं' उनले भने 'स्थानीय तहमा प्रतिपक्ष हुँदैन' ।

सडक विस्तारको लागि पाचौं पटक...

जनप्रतिनिधि तथा स्थानीयहरूको पटक पटक भेला भयो। सडक विस्तार विरूद्ध कार्यक्रमहरू पनि भए। आक्रोशित स्थानीयले सडक डिभिजन कार्यालय विरूद्ध सर्वोच्चमा रिट दायर गरेपछि सेलाएको हेटौंडा सडक विस्तार रिट खारेज पछि तातिन सुरू भएको हो।

मकवानपुरका सांसदसहितको टोलीले हेटौंडामा सडक विस्तारका विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को २०८० साल मै ध्यानाकर्षण समेत गराएका थिए ।

सडक विस्तार गर्ने सरकारको कामलाई करौले बाधा, अबरोध नगर्ने तर, सडक विस्तारकै कारण हेटौंडाको एचआइडी, मेनरोड, राप्तीरोडका घरधनी र व्यावसायी सुकुम्वासी हुने भएकाले मुआब्जा दिएर मात्र भत्काउन माग उनीहरूले गरेका थिए ।

विगतमा १५ भदौ २०६९ मा १५ दिनभित्र २५ मिटर चौडाइ सडकमा अतिक्रमित संरचना हटाउन सूचना जारी गरेको थियो । तर उक्त सूचनाको विरूद्धमा सर्वोच्चमा रिट परेको थियो । उक्त रिट विरूद्ध सुनुवाइ गर्दै सर्वोच्च अदालतले ६ कात्तिक २०७६ मा परमादेश जारी गर्दै अतिक्रमित संरचना हटाउन भनेको थियो ।

२०३४ पछि निर्माण भएका २५ मिटर मा पर्ने कुनै पनि संरचना भत्काउँदा सरकार ले क्षतिपूर्ति दिन नपर्ने आदेशमा भनिएको थियो । २०३१ देखि २०३४ को बीचमा १३ वर्षको अवधिमा उक्त ७ फिट जग्गामा बनाएको संरचना भत्काउँदामात्रै क्षतिपूर्ति दिन सर्वोच्चले आदेश दिएको थियो ।

सूचनामा तोकिएको सीमामित्र अतिक्रमित संरचनाहरू हटाएको नपाइएमा सडक डिभिजनद्वारा हटाइने र सो वापतलाग्ने खर्च सार्वजनिक सडक ऐन, २०३१ एवं अन्य प्रचलित कानूनबमोजिम संबन्धितहरूबाट असूलउपर गरिने सडक डिभिजनले जनाएको छ ।

तोकिएको सीमामित्र सडक विभागको स्वीकृतिप्राप्त नगरी करौले सार्वजनिक सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, सार्वजनिक सडक वा सडक सीमामित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, तगारो आदि गाड्न वा हाल्न वा घर ढहरा वा छाप्रो बनाउन वा सडक सीमामित्रको जग्गा आवादी गर्न वा यस्तै अन्य कुनै कार्य गर्न सार्वजनिक सडक ऐन, २०३१ ले निषेध गरेको छ ।

टाक्स फोर्स गठन

विगत लामो समयदेखि विवादित बन्दै आएको हेटौंडा बजार क्षेत्रको सडक विस्तार का लागि प्रशासनले चासोका साथ काम अघि बढाएको छ । पटक पटक सूचना प्रकाशनमा सिमित हुँदै आएको सडक विस्तार कार्यलाई सार्थकता दिन स्थानीय प्रशासनले पहल थालेको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुर को नेतृत्वमा बुधबार बसेको सरोकारवाला निकायको बैठकले सडक विस्तारलाई तीव्रता दिन विशेष 'टास्क फोर्स' गठन गरेको छ । सरकारी कार्यालयका प्रमुखहरुको बैठकले सडक डिभिजन कार्यालय मकवानपुरका इन्जिनियर यादव सुवेदीको संयोजकत्वमा टास्क फोर्स गठन गरेको हो ।

उक्त समितिमा हेटौंडा उपमहानगर पालिका, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालय, खानेपानी व्यवस्थापन बोर्ड, वन कार्यालय, नेपाल विद्युत् प्राधिकरण र दूर सञ्चार प्राधिकरणलगायत सम्बन्धित निकायका प्रतिनिधि सदस्य रहेका छन् ।

सडक डिभिजन कार्यालयमें कार्यालय रहने टास्क फोर्स टोलीले महेन्द्र राजमार्ग र त्रिभुवन राजपथ अन्तर्गत सडक सीमा अतिक्रमण गरी बनेका स्थायी तथा अस्थायी संरचनाहरुको रेखाङ्कन गर्ने, रङ लगाउने तथा आवश्यक कानुनी कारबाही अघि बढाउने जिम्मा पाएको छ । टोलीले बुधबारबाटै माइकिङसहित प्रारम्भिक कार्य सुरू गरिसकेको छ ।

सडक विस्तारका क्रममा विद्युत्, खानेपानी, टेलिफोन लगायतका अत्यावश्यक सेवामा अवरोध आउन नदिन सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी बताउँछन् ।

प्रजिअ अधिकारीले प्रदेश राजधानी समेत रहेको हेटौंडालाई बस्न योग्य र सुन्दर सहर बनाउन सडक विस्तार अपरिहार्य रहेको बताए । आयोजनाका लागि एसियाली विकास बैंक (एडिबी) बाट स्रोत सुनिश्चित भइसकेकाले अब यो कार्य कुनै पनि हालतमा नरोकिने उनले बताए ।

'सीमा क्षेत्रभित्र पर्ने घरधनीहरु स्वयंले संरचना हटाइदिए सडक विस्तार सहज हुनेछ । सबैलाई जितको अनुभूति हुने गरी काम अघि बढाइनेछ' प्रजिअ अधिकारीले भने ।सुन्दर सहर निर्माणको अभियानमा सबै सकारात्मक भएर सहभागी बन्न उनले आग्रह समेत गरेका छन् ।

सडक विस्तार प्रक्रिया राकिदैन: डिभिजन प्रमुख

सडक डिभिजनका प्रमुख गुरूप्रसाद अधिकारी यसपटक सडक विस्तार प्रक्रिया नरोकिने दाबी गर्छन । 'सर्वोच्चले सडक विस्तारसँग सम्बन्धित पुराना रिट खारेज गरिसकेकाले कानुनी अवरोध अब बाँकी छैन' अधिकारी भन्छन्, "सर्वोच्च अदालतले २०७८ सालमा सडक सीमामित्र पर्ने २५ गज क्षेत्रका लागि मुआब्जा दिनु नपर्ने फैसलाले विगतमा जस्तो कानुनी अड्चन आउन दिदैन,त्यसैले अहिले हामी २५ गज मात्रै सीमांकन खाली गराउनेछौं ।'

'हेटौंडामा अहिले करिब ५३० देखि ५३५ घरटहराको तथ्याङ्क रहेकाले स्थानीयसँग समन्वय गर्दै संरचना हटाउने काम सौहार्दपूर्ण तरिकाले अघि बढाउनेछौं' उनले भने । १५ दिनभित्र काम सम्पन्न नभएमा कानुनी प्रक्रिया अनुसार आवश्यक एक्सन लिने उनले जानकारी दिए ।

सडक विस्तारले घर तथा व्यवसाय जोखिममा पर्ने भन्दै सुरूदेखि नै विरोध गर्दै आएको मकवानपुर उद्योग वाणिज्य संघ अहिले पनि विरोध गरेको छ । मउवासंघ अध्यक्ष प्रमोद सिंह रानाभाट सडक विस्तार को आवश्यकता स्वीकार्छन तर योजनाबद्ध दृष्टि नदेखिएको भन्दै सरकारप्रति असन्तुष्ट व्यक्त गर्छन । 'सहर साँघुरिएको छ, विस्तार जरूरी छ तर हजारौंको लगानी, बसोबास, व्यवसायको कसरी व्यवस्थित गर्ने भन्ने सम्बोधन छैन' उनले भने 'अदालत र डिभिजनको व्याख्या नै फरक/फरक देखिँदा प्रभावित झन् अन्यौलतामा रहेका छन् ।'

हेटौंडा उपमहानगरका प्रवक्ता एवम् वडा नम्बर १ का अध्यक्ष सबिन न्यौपाने भने सडक विस्तार नै दीर्घकालीन समाधान भएको बताउँछन् । 'पार्किङ समस्या, दुर्घटना, भीडभाड र सहरी अव्यवस्थाको मूल कारण नै साँघुरो सडक हो' उनले भने उपमहानगरले पहिले नै २५ मिटर चौडाइमा समर्थन गरिसकेको छ प्रभावितलाई कानूनअनुसार सहयोग र व्यवस्थापन सुनिश्चित गर्न राज्य जिम्मेवार हुनेमा विश्वस्त छौं ।

नुवाकोटका तामाङ बागमतीको सर्वोत्कृष्ट उद्यमी



○ सहीखबर संवाददाता

मकवानपुर । नुवाकोटको चिया कृषि फार्मका सञ्चालक शंकर तामाङ प्रदेशकै सर्वोत्कृष्ट उद्यमीको रूपमा सम्मानित भएका छन् । ११ औं उद्योग दिवसका अवसरमा उनलाई प्रदेशको उत्कृष्ट उद्यमीको रूपमा नगद १ लाख रूपैयाँ सहित प्रमाण पत्र प्रदान गरियो ।

बागमती प्रदेश सरकारले प्रदेशभर उद्यमशीलतामा उल्लेखनीय योगदान पुयाइरहेका उद्यमीहरुलाई सम्मानित गरेको हो ।प्रदेश सरकारले १३ जनालाई उत्कृष्ट उद्यमी र एकजनालाई सर्वोत्कृष्ट उद्यमीको रूपमा सम्मान गरेको हो।उत्कृष्ट उद्यमीहरूलाई जनही ४० हजार रूपैयाँ र प्रमाण पत्र प्रदान गरियो।

उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयल प्रदेशका प्रत्येक जिल्लाबाट नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१ बमोजिम उच्च अंक प्राप्त गर्ने १३ जिल्लाका उत्कृष्ट एक/एक उद्यमी र प्रदेशबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उद्यमीलाई सम्मान गरिएको जनाएको छ।

कार्यक्रममा काभ्रेको नमुना एग्रो प्रोडक्सकी दीक्षा पौडेल, दोलखाको ग्यालेक्सी मौरी फर्मका संचालक पोष्ट बहादुर दाहाल, भक्तपुरको चम्पक पाउँ उद्योगकी सञ्चालक देवका श्रेष्ठ, काठमाडौंको द हाईल्याण्ड आर्ट फेसन डिजाईन एण्ड ट्रेनिङका संचालक कल्पना लिम्बु, सिन्धुपाल्चोकको जौडाडा ढाका उद्योगका सञ्चालक रति थापा मगर, रसुवाको राजेश कृषि तथा पशुपन्छी फर्मका संचालक राजेश थिङ, ललितपुरको स्पेशल पुष्टकारी उद्योगका संचालक बद्ध महर्जन उत्कृष्ट उद्यमीको रूपमा सम्मानित भए।

यस्तै नुवाकोटको नमुन्चेत कृषि फर्मकी संचालक कान्छि माया तामाङ, मकवानपुको ज्योती दामन कृषि फर्मका संचालक ज्योती रायमाझी, रामेछापको हिमालयन ह्याण्डी क्राफ्ट एग्रो नेपाली कागज उद्योगकी संचालक सांगिता शेर्पा, सिनधुलीको उज्यालो साबुन उद्योगका संचालकद्वय भोज कुमार खड्का र टीका प्रसाद चौलागाई, धादिङको पवित्रा कृषि तथा पशुपंक्षी फर्मकी संचालक प्रेमकुमारी वस्याल रोकाय र चितवनको अर्बान नेस्ट बुटिक एण्ड रेन्टल हाउसकी संचालक सुनिता घिमिरे उत्कृष्ट उद्यमीको रूपमा नगद सहित सम्मानित भए।

नवप्रवर्तनशील प्रयास, जोखिमपूर्ण लगानी र निरन्तर मेहनतलाई प्रदेशले औपचारिक रुपमा कदर गरेको महसुस भएपछि आगामी दिनमा अझ प्रभावकारी रुपमा उद्यम विस्तार र नयाँ अवसर सिर्जना गर्न प्रेरित भएको उद्यमीहरुको भनाई छ।

● व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।

● यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्त्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।

● यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकार ले अनिवार्य गरेको छ ।

● यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।

● राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङकको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।

● व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ । सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

लोकहितको लागि सहीखबर

जोखिममा वन्यजन्तु कि...



संरक्षित क्षेत्र विस्तार गर्ने, राम्रो व्यवस्थापन गरेर बाघलाई त्यहाँबाट बाहिर निस्कनु पर्ने जरूरी नै नहुने गरी व्यवस्थापन गरिए मानवसँगको रिसिइवी नै रहदैन । स्थानीयवासीलाई पनि उपयुक्त जिविकोपार्जनका लागि सहयोग गरेमा बाँचे आधारको खोजिमा मानव जंगल प्रवेश नै गर्दैनन् । यसले पनि वन्यजन्तुसँगको सम्बन्ध सुमधुर हुन सक्ने मध्यवर्ति क्षेत्र काउन्सिलका पूर्व अध्यक्ष पदम बहादुर तितुङले बताए । मानव बस्ती नजिकको जंगलमा सिसिटिभी क्यामरा जडान गरेर नियमित निगरानी गर्ने हो भने समस्याग्रस्त बाघबाट हुने क्षति नियन्त्रण गर्न सकिन्छ ।

हालकै अवस्थाको वातारण रहँदा र यो भन्दा बिग्रेमा भनै समस्या हुनसक्ने खतिवडाले बताए । "वातावारणीय अवस्था सुधार भएन भने विकराल अवस्था आउन सक्छ," खतिवडाले भने ।

वर्तामान अवस्थाको जलवायु परिवर्तनको असरलाई मध्येनजर गर्दै यससँग मुकाविला गर्नेतर्फ ध्यान नदिएकोले बाघलाई समस्या हुने देखिन्छ । यसैगरी बढ्दो शहरीकरण, औद्योगिक क्षेत्रको वृद्धि, वन विनाशलगायत गतिविधिहरु बढेको अवस्थामा सन् २०९० सम्ममा संरक्षित क्षेत्रमित्र बाघको स्थान ८२० वर्ग किलोमिटरमा खुम्चिनेछ अनुमान गरिएको छ ।

उनका अनुसार त्यतिखेर हाल संरक्षित क्षेत्रभन्दा बाहिर रहेको ३ हजार १३ वर्ग किलोमिटर क्षेत्रलाई बाघले आफ्नो वासस्थान बनाउन थाल्नेछ । सन् २०५० मा संरक्षित क्षेत्रमा ३ हजार ५०३ र बाहिर ५ हजार ३९२, सन् २०८० मा संरक्षित क्षेत्रमा ३ हजार ६ र बाहिर ३ हजार ४१६ वर्ग किलोमिटर क्षेत्र बाघको वासस्थान बन्न सक्ने आंकलन छ ।

पृथ्वीको तापक्रम बढ्दै जाँदा वन्यजन्तुको प्रजनन क्षमतामा पनि असर पर्न सक्ने संरक्षण अधिकृत खतिवडा बताउँछन् । "यसको असर बाघमा मात्रै नभएर उसका सिकार प्रजाति र सिकार प्रजातिको आहारा, वासस्थान, वनस्पतिमा पनि पर्छ" उनले भने।

तातोपनाले हिउँ पग्लने सवालमात्रै अहिले चर्चामा छ, यसको असर त सवत्र पर्छ नै । पहिलो असर यस्तै हात्ति, गैडा, गोहीहरूलाई पर्ने उनको तर्क छ । जलवायु परिवर्तनले तापक्रम बढ्छ, हिमालमा हिउँको मात्रा घट्छ अनि नदीमा पानीको मात्रा घट्दै जान्छ। पानी कम हुँदाको सबभन्दा धेरै असर त हात्ती र गैंडाजस्ता ठूला शाकाहारी जनावरलाई पर्छ । हात्तीलाई दिनमै २ सय लिटरजति पानी चाहिन्छ। गैंडालाई आहाल बरुन घोल अनिवार्य हुन्छ । यस्तै असर मृग, हरिणाजस्ता साना प्रजाति अनि वनमा पनि पछ । "वन र सिकार नै मासिएपछि बाघ कसरी बाँच्छ, अनि वनबाट बाहिरीने संभावना बढ्छ" खतिवडाले भने "यसले मान्छे, घरपालुवा जनावर ढार्गेटमा पर्न थालेका हुन् ।" समग्रमा यसको असर वनस्पति, जीवजन्तु र वातावरण वा इकोसिस्टमभा नै पर्ने उनले बताए ।

मुख्यमन्त्री बानियाँले सार्वजनिक गरे सय दिने उपलब्धि

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले आफ्नो सय दिने उपलब्धि सार्वजनिक गरेका छन्। गत साउन २० गते बागमती प्रदेशको मुख्यमन्त्री नियुक्त भएका बानियाँले आफू नेतृत्वको सरकारको सय दिने उपलब्धि सार्वजनिक गरेका हुन्।

आयोजित कार्यक्रममा मुख्यमन्त्री बानियाँले आफू नेतृत्वको सरकारको सय दिने उपलब्धि सार्वजनिक गरेका हुन्।

यस अवधिमा १६.६ प्रतिशत राजश्व संकलन हुनु नै सरकारको प्रमुख उपलब्धि भएको मुख्यमन्त्री बानियाँले बताए। कुल ११ अर्ब १९ करोड ९३ लाख रूपैयाँ राजश्व संकलन भएको बानियाँले बताए। यही अवधिमा ६ पटक मन्त्रिपरिषद् बस्दा ४७ वटा नीतिगत निर्णय गरिएको बताइएको छ।

बानियाँका अनुसार बागमती प्रदेश सभाको २३ असार २०८२ मा बसेको बैठकबाट स्वीकृत भएको प्रदेश सरकारको प्रशासनिक पुनर्संरचना गर्ने सम्बन्धी संकल्प प्रस्तावको कार्यान्वयनार्थ ३ महिना मित्र प्रशासनिक पुनर्संरचनाको खाका पेश गर्ने गरी उच्चस्तरीय प्रशासनिक पुनर्संरचना निर्देशन समिति गठन गरी कार्य अगाडि बढाइएको छ।

यस्तै, अति गरिब र सीमान्तकृत समुदायलाई गाँस, बास र कपास सुनिश्चित गर्ने नीतिको मस्यौदा तर्जुमा गर्ने कार्य भइरहेको उल्लेख गरिएको छ भने स्वास्थ्य क्षेत्रमा उच्च शिक्षा अध्ययन गर्ने १० जना विपन्न र सीमान्तकृत परिवारका जेहेन्दार विद्यार्थीहरुलाई प्रदेश सरकारले छात्रवृत्ति उपलब्ध गराउने निर्णय कार्यान्वयन गराउन कार्यविधि निर्माण गर्ने कार्य सुरू गरिएको छ।

प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्नको लागि विभिन्न मन्त्रालय अन्तर्गत ५०४ वटा अस्थायी दरबन्दी स्वीकृति गरिएको मुख्यमन्त्री बानियाँले बताए। उनका अनुसार यस अवधिमा भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा भएका बागमती प्रदेशभित्रका सरकारी तथा निजी सम्पत्ति र भौतिक संरचनाहरुको क्षतिको विवरण संकलन तथा मूल्यांकन गरी पुन:निर्माणको कार्ययोजना र स्रोत व्यवस्थापन सम्बन्धमा अध्ययन विश्लेषण सहित क्षति भएका भौतिक संरचनाहरुको पुन:निर्माणको कार्य प्रारम्भ गरिएको छ।

जेनजी प्रदर्शनबाट क्षति पुगेका कारण प्रहरीका लागि ८५ थान दुईपाङ्ग्रे सवारी साधन खरिदका लागि ३ करोड ७५ लाख ४० हजार काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र बागमती प्रदेश प्रहरी कार्यालयलाई अस्थियारी प्रदान गरिएको उनले बताए।

नेपाल प्रहरीतर्फ नयाँ प्रहरी भवन निर्माण र मर्मत सम्भार गर्न १३ करोड ७४ लाख ९१ हजार रकम अस्थियारी प्रदान गरिएको सय



दिने उपलब्धिमा उल्लेख गरिएको छ भने सशस्त्र प्रहरी बल नेपाल तर्फ संरचनात्मक सुधारका लागि १ करोड ६० लाख रकम विनियोजन गरी खर्च गर्न अस्थियारी प्रदान गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

यो अवधिमा भौतिक पूर्वाधार तर्फ ११.५ किलोमिटर सडक कालोपत्रे, ६.७४ किलो मिटर सडक ढलान, ५ किलो मिटर सडक ग्रामेल, ५ वटा सडक पुल निर्माण तथा १९२.५ किलो मिटर सड□क मर्मत सम्भार गर्ने कार्य सम्पन्न गरिएको छ। यस्तै, चेपाङ, वनकरिया, माझी, बोटे एकिकृत बस्ती विकास कार्यक्रम अन्तर्गत १६ वटा आवास निर्माण तथा खरको छानो उन्मूलन कार्यक्रम अन्तर्गत २० वटा आवास निर्माण गरिएको दाबी गरिएको छ।

प्रदेश गरिबी निवारण नीतिको मस्यौदा तयार गरिएको बताइएको छ भने उजुरी परेका सहकारी मध्ये ७ वटा सहकारीको समस्या समाधान गर्न मेलमिलापका लागि सम्बन्धित पक्षसँग छलफल र सहजीकरण गरिएको, प्रदेश मित्रका ८६ वटा सहकारी संस्थाहरुको विवरण अध्यावधिक गरिएको तथा ८ वटा सहकारीको विनियम संशोधन स्वीकृत गरिएको र थप ३५ वटा सहकारी संस्थाहरूको विनियम संशोधनका लागि सैद्धान्तिक सहमती प्रदान गरिएको उल्लेख गरिएको छ।

यस अवधिमा प्रदेश सरकारबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणका दुई किस्ता रकम स्थानीय तहमा निकासा गरिएको सय दिने उपलब्धिमा समावेश गरिएको छ। जसअन्तर्गत वित्तीय समानीकरण अनुदान ८३ करोड १२ लाख रूपैयाँ, समपूरक अनुदान १ अर्ब ३९ करोड ७२ लाख रूपैयाँ, विशेष अनुदान ३८ करोड १४ लाख रूपैयाँ र सशर्त अनुदान १ अर्ब ७१ करोड ९४ लाख रूपैया निकासा गरिएको बताइएको छ।

माइतीघर गीतका सर्जक खरेल हेटौंडामा सम्मानित हुने

○सहीखर संवाददाता

मकवानपुर । २०२० को दशकमा बनेको नेपाली फिल्म माइतीघरको 'वसन्त नै बरन खोज्छ यहाँ' गीत नसुनेका सायदै नेपाली होलान् । गीत लेखिएको ६ दशक पुगिसक्दा पनि उस्तै सदाबहादर छ । न त स्रोता नै घटेका छन् ।

उक्त गीतमा आमाभन्दा अगाडिको पुस्ता पनि नाच्यो, आमा पुस्ता पनि नाच्यो, नाति पुस्ता पनि रमाएरै नाच्दैछ । माइतीघरको शीर्ष गीतका गीतकार हुन्, किरण खरेल । उमेरको ८७ औं वर्षमा रमाउँदै गरेका उनै खरेल बागमती प्रदेशको राजधानी हेटौंडामा सम्मानित हुँदैछन् । यस वर्षको 'बिजुलीमाया वन: श्रेष्ठ अन्तर्राष्ट्रिय सङ्गीत पुरस्कार'बाट गीतकार खरेललाई भीम विराग सङ्गीत, साहित्य, कला प्रतिष्ठान नेपालले हेटौंडामा सम्मानित गर्ने भएका हो ।

प्रतिष्ठानले पत्रकार भेटघाट मार्फत १ लाख रूपैयाँ राशीको १७ औं संस्करणको उक्त पुरस्कार खरेललाई प्रदान गर्ने निर्णय भएको जानकारी दिएको हो । आगामी माघ १५ गते बिहीबार हेटौंडामा सांगीतिकसहितको कार्यक्रम गरि गीतकार खरेललाई 'बिजुलीमाया वन: श्रेष्ठ अन्तर्राष्ट्रिय सङ्गीत पुरस्कार'बाट सम्मानित गरिने प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठ तौजलेले जानकारी दिए । व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले वि.सं. २०६४ मा आमा बिजुलीमाया व:न श्रेष्ठको नाममा उक्त पुरस्कार स्थापना गरेका थिए ।

नेपाली गीत लेखनको क्षेत्रमा विगत सात दशकदेखि निरन्तर कलम चलाउँदै आउनु भएका खरेलले आधुनिक गीतदेखि चलचित्र क्षेत्रमा समेत लोकप्रिय गीतहरु सिर्जना गरेका छन् । खरेलले त्यसयता सात सयभन्दा बढी गीत लेखेका छन् । माइतीघर अगाडि नै गीतकारका रूपमा नेपाली आधुनिक संगीत क्षेत्रमा परिचित भइसकेका थिए । 'ए दूरका सितारा..' बोलको गीत उनको पहिलो रचना



हो ।

चारवटा गीत संग्रह प्रकाशित गरेका खरेलले तत्कालीन शाही नेपाल चलचित्र संस्थान तथा रेडियो नेपालको कार्यक्रम निर्माता तथा सञ्चालकको रूपमा जिम्मेवारी सम्हालेका थिए । छिन्नलता गीत पुरस्कार लगायत विभिन्न पुरस्कार एवम् विभूषणबाट विभूषित खरेलले आफ्नो कलमको माध्यमबाट नेपाली गीत सङ्गीतलाई देश विदेशमा चिनाउन पुर्‍याएको योगदानको कदर गर्दै प्रतिष्ठानले यस वर्ष उक्त पुरस्कारबाट सम्मानित गर्न लागेको महासचिव छवि अनित्यले बताए ।

विसं २०२२ मा माइतीघरका लागि खरेलले पहिलो पटक नेपाली फिल्मका लागि गीत लेखेका थिए । त्यसयता उनले सयभन्दा बढी नेपाली फिल्मका लागि गीत लेखेका छन् । गीतकार खरेलका जिन्दगीलाई जीत होइन...,हिमालको काखमा छ मेरो सानो गाउँ..., मन्दिरमा छ कि मूर्तिमा माया..., तारामात्र होइन तिमीलाई... लगायतका गीतहरु कालजायी छन् ।

उक्त पुरस्कारबाट यसअघि अम्बर गुरुङ (२०६४), प्रेमध्वज प्रधान (२०६५), भक्तराज आचार्य (२०६६), फत्तेमान राजभण्डारी (२०६७), शान्ति ठटाल (२०६८), दीप श्रेष्ठ (२०६९), प्रकाश श्रेष्ठ (२०७०), न्हुच्छेबहादुर डङ्गोल (२०७१), मीरा राणा (२०७२), कर्म योञ्जन (२०७३), चेतन कार्की (२०७४), दावा ग्याल्मो (दीपक जंगम), किरण प्रधान (२०७९), राजेन्द्र थापा (२०८०) र निर शाह (२०८१) सम्मानित भइसकेका छन् ।

प्रतिष्ठानले तुलसीमाया शिवकुमारी सिर्जनशील नारी पुरस्कार, भीम विराग युवा सङ्गीत पुरस्कार, भीम मथुरा बाल प्रतिभा पुरस्कार, कमला भवानी सङ्गीत पुरस्कार, शीला नारी सङ्गीत पुरस्कार, हर्षनर बज्राचार्य स्मृती स्वर्ण पुरस्कार, विजय बानियाँ स्मृति लोक सङ्गीत पुरस्कार, चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार, मंगलादेवी श्रेष्ठ स्मृति स्वास्थ्य सेवा पुरस्कार, अजित सेन गुप्ता स्मृति भिन्न क्षमता पुरस्कार प्रदान गर्दै आएको प्रतिष्ठान महासचिव अनित्यले जानकारी दिए ।

२०५९ भाद्र ७ गते स्थापना भएको प्रतिष्ठानले नेपाली सङ्गीत, साहित्य र कला क्षेत्रको उन्नयनमा देश तथा विदेशमा रहेर नेपाली वाङ्मय क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आउनु भएका सृष्टाहरुलाई सम्मान गर्दै आइरहेको अध्यक्ष श्रेष्ठ बताउँछन् ।

मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले, ❖ शरीरका विभिन्न अंगमा क्षति पुयाउने,
❖ मुटु र मिर्गौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न

❖ शरीरको तौल सन्तुलित राखौ
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाओ,
❖ जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं
❖ धुम्रपान, मद्यपान नगरौ, नियमित व्यायाम गरौ,
❖ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाज,
❖ प्रशोधित खानाहरु नखाऔं,
❖ तनाव यवस्थापन गरौ,
❖ नियमित स्वास्थ्य परीक्षण गरौं ।

इन्द्र सरोवर
गाउँपाललिका

महिला हिंसा अन्त्य गरौं

❖ महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
❖ महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
❖ कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
❖ हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
❖ कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
❖ "घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
❖ महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
❖ हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
❖ महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं ।

"महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं"

नेपाल सरकार
विज्ञापन बोर्ड